विश्व महामारीको रुपमा फैलिएको कोरोना भाइरसले हाल विश्वलाई आंतकित र भयभित बनाएको छ यतिमात्र होइन यसले मानव जातिको अस्तित्वलाइ नै चुनौती दिएको अवस्था विधमान छ । आर्थिक समृद्धि आाणविक शक्तिको विकास र खगोल विज्ञानको क्षेत्रमा केन्द्रित रहेको विश्व समुदायको ध्यान नितान्त कोरोना रोकथाम र नियन्त्रणमा केन्द्रित देखिन्छ यधपी प्रयासहरु प्रयाप्त छैनन् यस्तो विषम परिस्थितिमा यसको संक्रमणबाट देशलाई बचाउन नेपाल सरकारले लगडावन नेपालको घोषणा गर्यो र सोहीअनुरुप कार्यान्वयन गरियो। नेपाल सरकारले विभिन्न समयमा गरेका परिपत्रको अक्षरश: पालना गर्दै यस चामुण्डाविन्द्रासैनी नगरपालिकाले कोरोना भाइरसको नियन्त्रण तथा रोकथाम गर्नका लागी गरेका प्रयासहरु देहाय बमोजिम संक्षेपमा सुचिकृत छन

- नगर विपद् व्यवस्थापन समिति चामुण्डाविन्द्रासैनी नगरपालिकाले मिति २०७६।११।२३ गते जिल्ला समन्वय समितिका प्रमुख प्रेम बहादुर थापा र प्रमुख जिल्ला अधिकारी युवराज कट्टेल र जिल्ला अस्पताल दैलेखका डा. निरन्जन पन्तको विशेष आतिथ्यता र नगर प्रमुख तथा विपद् व्यवस्थापन समितिका संयोजक सूर्य बहादुर शाहीको अध्यक्षतामा नोवेल कोरोना भाइरस Covid 19 संक्रमण तथा बचावट सम्वन्धि सरोकारवाला संग जनचेतनामुलक कार्यक्रम सम्पन्न गरियो ।
- नगरपालिका भित्रका सबै वडा र विधालयहरुमा चेतनामुलक कार्यक्रम सम्पन्न गर्न यस नगरपालिका जनप्रतिनिधि स्वास्थकर्मी र विधालयका प्र.अ तथा शिक्षकहरुले सक्रिय भुमिका निर्वाह गर्ने निर्णय गरियो ।
- मिति २०७६।१२।१३ गते नगर विपद् व्यवस्थापन समितिको बैठक बसी निम्न निर्णय गरि तुरुन्त कार्यान्वयन गरियो ।
    - ✓ नगरपालिकाको विभिन्न पाँच स्थानमा १५० वेड क्षमताका क्वारेन्टाइनको स्थापना गरियो ।
    - ✓ नगरपालिकाको विभिन्न दुई स्थानमा हेल्थ डेस्क स्थापना गरियो ।
    - ✓ नगरपालिको तीन स्थानमा Isolution वेडको स्थापना गरियो ।
    - ✓ एक घर एक स्वास्थ अभियान्ता तोकी घर बाहिरका कार्य उसैबाट गराउने साथै अभियान्ताको स्वास्थ्य सुरक्षाका लागी आवश्यक सामाग्री नगरपालिकाबाट उपलब्ध गराइयो ।
    - ✓ विदेशबाट आएका नागरिकहरुको विवरण प्रत्येक दिन जिल्ला प्रशासन कार्यालय,जिल्ला स्वास्थ्य सेवा कार्यालय, जिल्ला समन्वय समिति ,जिल्ला प्रहरी कार्यालय ,जिल्ला स्थित सुरक्षा निकाय,राजनितिक दलका प्रतिनिधि प्रदेश तथा प्रतिनिधि सभाका माननियहरु साथै प्रदेश तथा संघीय सरकारका सम्वन्धित मन्त्रालयहरुमा पठाइएको ।
    - ✓ कोरोना विरुद्धको अभियानमा खटिने स्वास्थकर्मीलाई प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।
    - ✓ स्थानीयवासीको स्वास्थ्य अवस्थाको जानकारी लिन र सचेतना जगाउन घरदैलो कार्यक्रम सम्पन्न गरियो ।
    - ✓ विपद् व्यवस्थापनका लागी आवश्यक खर्च जुटाउन रु ५० लाखको विपद् व्यवस्थापन कोष स्थापना गरियो । जसमा यस नगरपालिका अन्तर्गतका कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको १ दिन बराबरको पारिश्रमिक,नगरपालिका भुक्तानी हुन बाकी योजनाबाट ३ प्रतिशत कट्टी गरी जम्मा हुने रकम र आ.व ०७६।७७ मा आह्वान गरिएका बोल पत्रबाट घट्दा जम्मा हुन गएको रकम कोषमा दाखिला गर्ने निर्णय गरियो ।
- नगरपालिका स्थित प्रत्येक घरमा मास्क र साबुन वितरण गरियो ।

चामुण्डा विन्द्रासैनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दैलेख
कर्णाली प्रदेश, नेपाल

- नगरबासी तथा क्वारेन्टाइनमा रहेका व्यक्तिहरुको स्वास्थ्य अवस्था बुझ्न  नगर प्रमुख, कार्यालय प्रमुख लगायत स्वास्थ्य शाखा प्रमुखको संयुक्त टोली विभिन्न समयमा नगरपालिकाका विभिन्न स्थानमा गई आवश्यक जनचेतना जगाउने र समन्वयतत्मक भुमिका निर्वाह गर्ने कार्य गरियो ।
- २०७६।१२।२४ गते  क्वारेन्टाइनमा रहेका व्यक्तिहरुको नमुना परिक्षणका लागी  १७ जनाको स्वाव सकलन गरि परिक्षण गर्दा  सबैको रिर्पोट नेगेटिभ देखियो ।
- २०७६।१२।३० गते तोकिएको क्वारेन्टाइन अवधि पुरा गरेका व्यक्तिहरुलाई आगामी दुई हप्तासम्म होम क्वारेन्टाइनमा रहने प्रविबद्धतासहित सरकारको निर्णय कार्यान्वयनमा सहयोग गरेकोमा नगर प्रमुखबाट स–धन्यवाद ज्ञापन गर्दै स–सम्मान घर पठाइयो ।